जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ९१ २०८१ साल कात्तिक १७ गते शनिबार (2 Nov. 2024 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : समग्र सुखका लागि अष्ट... ३ पृष्ठमा : अर्थतन्त्रमा उज्यालोको ... ३ पृष्ठमाकमला कि ह्यारिस ? राजनीति, लिंग ...

## राजविराज महोत्सव सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

सांस्कृति, पर्यटन, कृषि तथा व्यापार प्रबर्द्धन गर्नका लागि राजविराज महोत्सव २०८१ विहिबारबाट सुरु भएको छ । राजविराजको राजरंगशालामा सुरु भएको महोत्सवको राजविराज नगरपालिकाका कार्यावाहक नगरप्रमुख ईसरत प्रविणले उदघाटन गरे ।

त्यस अवसरमा उनले महोत्सवले सांस्कृतिक, पर्यटन, कृषि, व्यापार प्रबर्द्धन र आर्थिक समृद्धिका लागि टेवा पुर्याउने विश्वास व्यक्त गरिन । उनले महोत्सवमा उदेश्यअनुसारको कार्यकमहरु गर्न आयोजकलाई सुझाव समेत दिए । महोत्सव मुल आयोजक समारोह समितिका अध्यक्ष चितरंजन यादवको अध्यक्षतामा आयोजित उदघाटन समारोहमा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिव नारायण साह, एमालेका जिल्ला सचिव देवनाथ यादव, उपसचिव अखिलेस झा, जसपाका जिल्ला अध्यक्ष केदार यादव, लोसपाका जिल्ला अध्यक्ष सुनिल झा, नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज सूर्य नाथ यादव, नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष प्रताप नारायण चौधरी, जनमत पार्टीका केन्द्रिय सदस्य सुरेन्द्र शर्मा, आम जनता पार्टीका केन्द्रिय सदस्य सुनिल राज दास, राष्ट्रिय मुक्ति पार्टीका जिल्ला संयोजक दिपेन्द्र चौधरी, नेपाल युनाईटसका अध्यक्ष मो. जियाउल रहमान लगायतको उपस्थिति रहेको थियो ।

ड्रिम नेपाल युवा संघ सप्तरीको आयोजना तथा राजविराज नगरपालिकाको सहकार्यमा सुरु भएको महोत्सवमा स्थानिय स्तरका विभिन्न कृषि उत्पादन, घरेलु उद्योगबाट उत्पादित बस्तु, हस्तकला लगायतका सरसमान बिक्री हुने ४० वटा स्टल राखिएको छ । महोत्सवमा बालबालिकाका लागि वाल उद्यान र युवाहरुको मनोरंजनको लागि विभिन्न खेल तमासा र सांस्कृति कार्यक्रमको आयोजना गरिएको आयोजक संस्था ड्रिम नेपाल युवा संघ सप्तरीका अध्यक्ष कमल किशोर साहले बताए ।

महोत्सवमा मैथिली चित्रकला प्रदर्शनी पनि आकर्षणको केन्द्र बन्ने र ५ वर्ष मुनिका बालबालिका तथा ज्येष्ठ नागरिकलाई निशुल्क प्रवेशको व्यवस्था मिलाइएको छ । कार्तिक २५ गते सम्म चल्ने महोत्सवमा आन्तरिक तथा बाहय गरी १ लाख भन्दा बढी पर्यटकले अवलोकन गर्ने आयोजकको विश्वास छ ।

महोत्सव स्थलमा कुनै खाले अप्रिय घटना हुन नदिन निगरानीका लागि १५ वटा सिसि टिभी क्याम्रा जडान गरिएको आयोजनकले जनाएको छ ।

## भ्रष्टचार र दलिय हैकमवादी अन्त्य गरि विधीको शासन कायम गर्न नागरिक अगुवाको जोड



**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

राज्य शासन व्यवस्थाबाट विमुख पारिएका समुदायलाई अधिकारको प्रत्याभुति तथा विधिको शासन कायम गराउन नागरिक समाज सक्रिय र संगठित हुनु पर्ने आवश्यकता औल्याइएको छ ।

शुक्रबार राजविराजमा नागरिक समाज नेपाल केन्द्रिय समिति (सिरहा) ले आयोजना गरेको कार्यक्रमका सहभागि नागरिक अगुवाहरुले यस्तो आवश्यकता औल्याएका हुन् ।

“नागरिक सचेत र संगठित भए निरंकुश राजय सत्ता आफै संकुचित भएर जान्छ, कार्यक्रममा नागरिक अगुवा एवं नागरिक समाज नेपालका संयोजक प्रा.कुमार कमलेन्द्रम भने, त्यसैले राज्य शासनबाट ब्यवस्थाबाट बिमुख पारिएका समुदायलाई अधिकार प्राप्तिका लागि नागरिक समाजले अगुवाई गरेर उनीहरुको न्यायको लागि आवाज उठाउनुपर्छ ।”

नागरिक समाजका अगुवा रामरिझन यादवले राज्य सत्तामा आमनागरिकको सहज पहुँचको अभावका कारण हजारौंको बलिदानीबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र संकटतर्फ जाँदै गरेको बताए । उनले मुलुकमा बढ्दो भ्रष्टाचार, दलिय हैकमवादी र अलोकतान्त्रिक गतिविधिका कारण लोकतन्त्र र गणतन्त्र अहिले लुटतन्त्रमा परिणत हुन थालेको भन्दै सुशासनका लागि समेत नागरिक समाजको सक्रियता आवश्यक रहेको बताए ।

नागरिक अभियान्ता अध्यापक विष्णु नारायण यादवले दलिय भागबन्डा, राजनीतिको अपराधिकरण र व्यापारीकरण र संरक्षित भ्रष्टाचारले लोकतन्त्रलाई धरापमा पार्दे लगेको भन्दै सबल लोकतन्त्र र बिधीको शासनको लागि नागरिकले आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्नु पर्नेमा जोड दिए ।

कार्यक्रममा नागरिक अगुवा डा. सूर्या यादव, बलराम यादव, शिवकुमार महारा, बहादुर सदा, सुरेन्द्र यादव, रामअवतार साह लगायतले पनि बोल्दै सबल लोकतन्त्र र सुशासनका लागि सबै मिलेर दवाब र खबरदारी गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा नागरिक समाजद्वारा यसअघि नागरिक स्तरबाट दवाबका लागि कात्तिक १६ गतेदेखी घोषित राजविराजबाट जनकपुरसम्मको खबरदारी साइहल यात्रा चाडपर्वलाई ध्यानमा राखी केही समयका लागि स्थगित गरिएको जानकारी समेत गराइएको थियो ।

## डिजेल र मट्टितेलको मूल्य घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, १६ कात्तिक ।**

नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बिहीबार बसेको बैठकले बिहीबार मध्यरातदेखि लागू हुने गरी डिजेल र मट्टितेलको साविकको बिक्री मूल्यमा प्रतिलिटर एक रुपैयाँ घटाएको हो ।

मूल्य समायोजनसँगै पहिलो वर्गका लागि डिजेल प्रतिलिटर एक सय ४७ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ४९ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ५० रुपैयाँ कायम भएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो वर्ग तथा काठमाडौं, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ ।

इन्डियन आयल कर्पोरेसनबाट बिहीबार प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा रु ०.२५ र डिजेलमा रु १.०४ ले घटेर आएकाले मूल्य समायोजन गरिएको निगमले जनाएको छ ।

## जन्मना साथ शिशुका थप चार परीक्षण गरिने

काठमाडौं, १६ कात्तिक (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सरकारी अस्पतालमा जन्मिने शिशुको थप चार स्वास्थ्य परीक्षण गर्नेभएको छ ।

मन्त्री प्रदीप पौडेलले मन्त्रीस्तरीय निर्णय गर्दै थाइराइड, जलन (बर्न) स्क्रिनिङ, सुन्ने क्षमता वा आँखाको दृष्टिसम्बन्धी र जण्डिससम्बन्धी परीक्षण गर्ने निर्णय गरेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

उहाँका अनुसार मातृशिशु अस्पताल, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, कान्ति बाल अस्पतालमा ती परीक्षण गरिने छ ।

***बाँकी अन्तिम पृष्ठमा***

**सुशासन प्रवर्द्धन गरौं**

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरुद्ध शून्य सहनसील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# समग्र सुखका लागि अष्ट-लक्ष्मीको साधना

**शालिकराम भण्डारी**

काठमाडौँ, १६ कात्तिक (रासस)।

ॐ ह्रीम क्लिम श्री लक्ष्मीभ्यो नमः

लक्ष्मी वैदिक सनातन हिन्दू संस्कारमा धन तथा सुन्दरताकी देवी हुन्। लक्ष्मी शब्द सर्वप्रथम ऋग्वेदको पुरुषसुक्तमा उल्लेख गरिएको थियो। शास्त्रअनुसार सर्वोत्तम अवस्थामा भगवान विष्णु र उनको शक्ति लक्ष्मी एकै परमात्मा हुन् भनिएको छ। अर्को भाषामा स्त्रीलाई चौसठ्ठी कला मानिएको छ र ती चौसठ्ठी कलायुक्त महिलालाई लक्ष्मी भनिन्छ। सौभाग्य, समृद्धि, सफलता, सम्पन्नता र सुन्दरताको अर्थमा पनि लक्ष्मी शब्द प्रयुक्त हुने गर्दछ। भगवती दुर्गाको हजार नाममा एक नाम लक्ष्मी हो।

लक्ष्मी पूजामा धनधान्यकी देवी माता लक्ष्मीको पूजा अर्जना गरिन्छ। लक्ष्मी पूजाको दिन घरमा भएका सम्पूर्ण श्रीसम्पत्ति, गरगहना, द्रब्यलाई लक्ष्मी, गणेश र सरस्वतीको स्थापना गरी पुजा गर्ने चलन छ। वैदिक सनातन हिन्दू संस्कारमा यसलाई अत्यन्त महत्वका रूपमा लिइन्छ। लक्ष्मी भन्ने बित्तिकै हामी धनमात्र हो भन्ने बुझ्छौँ। यद्यपि लक्ष्मीका विभिन्न आठ रुपहरू छन्। तिहारको अवसरमा लक्ष्मीको बिषेश महत्व रहने भएकाले आज लक्ष्मीको आठ रुप अर्थात् अष्टलक्ष्मीको बारेमा चर्चा गर्नेछौँ।

लक्ष्मीको आठ रुपलाई अष्टलक्ष्मी भनिन्छ। लक्ष्मी पूजाको दिन घरमा भएका सम्पूर्ण श्रीसम्पत्ति, गरगहना, द्रव्य आदिलाई मात्र पूजा गर्छौँ। धनलक्ष्मीको कृपाद्वारा पैसा जीवनमा प्राप्त हुन्छ तर पर्याप्त खुसी नहुन सक्छ। धनकै कारण मनमा शान्ति नहुन सक्दछ। व्यक्तिसँग पर्याप्त धन हुन्छ तर बिरामी हुने कारणले आफ्नो मनले चाहेको खाना खान सक्दैन, घुमफिर गर्न सक्दैन। शारीरिक रूपमा अस्वस्थ रहन सक्छ भने त्यस्तो धन के काम ?

व्यक्तिसँग धन छ तर धनको उचित सदुपयोग छैन, काम गर्ने उत्साह छैन लक्ष्य उद्देश्य प्राप्त गर्न सक्दैन, धनको सदुपयोग गर्ने साधन छैन, सन्तान छैन, शिक्षादीक्षा राम्रो छैन, सामाजिक मान प्रतिष्ठा छैन, पारिवारिक शान्ति छैन। यी सम्पूर्ण विषय अष्टलक्ष्मीसँग जोडिएका छन्।

अर्कोतर्फ मानिसले जीवनमा जति पैसा कमाउँछ थप कमाउने लालसा आउँछ। लालसाको कारण मानिस धेरै धन थुपार्ने चक्करमा आफ्नो खुसी गुमाउन पुग्छ। धन कमाए पनि पारिवारिक कलह रहन्छ। व्यक्तिको जीवनमा धन आउँछ तर जीवन धनले मात्र पूर्ण हुँदैन किनकी हामीले लक्ष्मीका अन्य सात रुपको उपेक्षा गरेका हुन्छौँ। जसले जीवनमा समग्र खुसीयाली रहँदैन। वास्तुशास्त्रमा लक्ष्मीका आठ रुपको विभिन्न आठ दिशा तथा विदिशा बताइएको छ। हामीले वास्तुअनुसार घरको आठै दिशाहरूलाई वास्तु अनुकुल बनाए मात्र लक्ष्मीको आठै रुपको समान कृपा प्राप्त हुन्छ। जसले व्यक्तिको जीवनमा खुशीयाली छाउनुका साथै स्वस्थ र सम्पन्नता प्राप्त हुन्छ। वास्तुशास्त्रअनुसार अष्टलक्ष्मीले आठ दिशामा बास गर्ने गर्दछन्। यी अष्टलक्ष्मीको बारेमा विस्तृतरूपमा निम्नानुसार चर्चा महत्वपूर्ण छ।

**१. आदि लक्ष्मी/आद्यलक्ष्मी/महालक्ष्मी**

आध्यात्मिक ज्ञानलाई नै आदि लक्ष्मी भनिन्छ। धनवान्, सम्पन्न, अध्यात्म, सात्विक भोजन, दुर्गाको पहिलो शक्ति, ब्रह्माण्डीय ऊर्जाशक्ति, धनको उत्पति र ऊर्जाको अनन्त स्रोतको प्रतिक वा आदिम् रुप पनि भन्न सकिन्छ। म को हुँ ? मेरो जीवनको उद्देश्य के हो ? आफूलाई चिन्ने आफ्नो अन्तर्मनसँग जोड्ने, आत्मसँग साक्षात्कार गर्ने काम आदि लक्ष्मीको हो। आदि लक्ष्मीको कृपाले व्यक्ति माया र सद्भाव राख्ने, परोपकारी तथा सहयोगी बन्छ। वास्तुमा आदिलक्ष्मीको दिशा इशान् कोण हो। यस दिशाबाट मानसिक सुख र आनन्द छ छैन हेर्ने गरिन्छ। यो दिशा गुरु वृहस्पतिको रहेकोले गुरुको कृपा छ छैन जाँच गर्न सकिन्छ। घरको यो दिशा वास्तु अनुकूल रहेमा यी गुण सहज प्राप्त हुन्छ अन्यथा बुद्धि, विवेक, विचारहरू, इच्छा, चाहना, उत्प्रेरणा, स्पष्टता, रचनात्मक सोचाइ आदिमा कमी आउँछ।

**२. धन-लक्ष्मी :**

धन-लक्ष्मी भौतिक धन र आर्थिक प्रचुरताकी देवी हुन्। समृद्धि र आर्थिक स्थिरता कायम गर्ने काम धन-लक्ष्मीको हो। पैसा, सुन, चाँदी, भौतिक सम्पदा आदिलाई नै धन-लक्ष्मी भनिन्छ। धन-लक्ष्मीको कृपाले व्यक्तिबाट प्राप्त अथवा सही तरिकाले कमाएको धनले मात्र हामीलाई खुसियाली प्रदान गर्दछ। यसले मनमा शान्ति प्राप्त हुन्छ। वास्तुमा धन-लक्ष्मीको दिशा आग्नेय कोणमा पर्दछ। यस दिशालाई प्रसिद्धि, धन, भौतिक सुख आदिका रूपमा पनि लिइन्छ। घरको यो दिशा वास्तु अनुकूल रहेमा उल्लिखित गुणहरू प्राप्त हुन्छ। अन्यथा घरका आयस्रोतहरू ठप्प हुने, धनागमनमा समस्या, दुर्घटना हुनसक्ने, खर्च बढ्ने आदि हुनसक्छ।

**३. धान्य-लक्ष्मी :**

धान्य-लक्ष्मी कृषि धनको वाहक, प्रशस्त उत्पादन र खाद्य सुरक्षा सुनिश्चित गर्ने देवी हुन्। धान्य-लक्ष्मीलाई माता अन्नपूर्णा वा भोजनकी देवी पनि भनिन्छ। धान्य-लक्ष्मीको सम्बन्ध भोजनसँग छ। उचित भोजनले हाम्रो शरीरलाई पौष्टिकताका साथै सकारात्मक ऊर्जा उपलब्ध गराउँछ। भोजन ग्रहण गरेर मात्र हुँदैन उपयुक्त भोजन राम्रोसँग पचाउन पनि सक्नुपर्छ। जुन व्यक्तिमा धान्य-लक्ष्मीको कृपा रहँदैन, त्यो व्यक्ति सधैँ बिरामी रहन्छ। खाना राम्रोसँग पचाउन नसक्नेले मन लागेको वस्तुको सेवन गर्न सक्दैन। यस्ता व्यक्तिका लागि संसारको सम्पूर्ण धन पनि व्यर्थ रहन्छ। घरमा अन्नको सदुरुपयोग गर्नाले धान्यलक्ष्मीको कृपा रहन्छ। वास्तुमा धान्य-लक्ष्मीको दिशा पूर्व र उत्तर-पश्चिमलाई मानिन्छ। यस दिशालाई स्वास्थ्य, नाम प्रसिद्धि, अन्न अनाजको प्रतीकका रूपमा पनि लिइन्छ।

**४. गज-लक्ष्मी/भाग्य-लक्ष्मी/राज-लक्ष्मी :**

गज-लक्ष्मी/भाग्य-लक्ष्मी/राज-लक्ष्मीलाई धन, शक्ति, कृषि तथा उर्वरताकी देवी, सन्तान प्राप्ति, सन्तान सुख, समृद्धि, वाहन प्राप्ति, शाही वैभव र सार्वभौमिकताको प्रतीकको रूपमा लिइन्छ। यी देवी अन्जन नामक हात्ती चढ्छिन्। गज-लक्ष्मी व्यक्तिको जीवनमा गाडी–घोडाहरूको कारक हो। भाग्य-लक्ष्मीले जीवनमा भाग्य ल्याउँछ भने राज-लक्ष्मीले उन्नति-प्रगति। साथै भाग्य-लक्ष्मीको कृपाले व्यक्ति उच्च ओहदामा पुग्ने गर्दछन्।

**५. सन्तान-लक्ष्मी :**

सन्तान र पारिवारिक समृद्धिको दाता, ज्ञान कला कौशलता, शिक्षामा सफलता, सन्तानसहित परिवारलाई आशीर्वाद दिने र उनीहरूको कल्याण गर्ने देवी सन्तान-लक्ष्मी हुन्। सन्तान लक्ष्मीलाई स्कन्द माता पनि भनिन्छ। सन्तान-लक्ष्मीको कृपाले बच्चा स्वस्थ, आज्ञाकारी र माता-पिताप्रति सद्भाव राख्नाका साथै माता-पिताको सेवा गर्ने हुन्छन्। यस्ता सन्तानले समाजमा आफ्नो तथा परिवारको नाम कमाउँछन्।

**६. वीर-लक्ष्मी/धैर्य-लक्ष्मी :**

वीर-लक्ष्मी व्यक्तिको जीवनमा शान्ति, वीरता, विजय र साहसको प्रतीक हो। धैर्य-लक्ष्मीबाट व्यक्तिको जीवनमा सौभाग्य, समृद्धि, आत्मविश्वास र धैर्यता प्राप्त हुन्छ। माता वीर-लक्ष्मी प्रसन्न रहेमा भक्तलाई अकाल मृत्युबाट बचाउने तथा भक्तलाई रक्षा गर्दछिन्। वीर-लक्ष्मीलाई माता कात्याइनीका रूपमा पनि चिनिन्छ, जसले महिषासुरको वध गरेकी थिइन्। वास्तुअनुसार वीर-लक्ष्मीको दिशा दक्षिण र धैर्य लक्ष्मीको दिशा पश्चिम हो। परिवार बनाउने या तोड्ने कार्यका लागि यो महत्वपूर्ण क्षेत्र हो। जब परिवारका सदस्यहरूले धैर्यता राख्न असक्षम हुन्छन्, तब घरमा शान्ति र सहिष्णुताको स्तर कमजोर हुन्छ। यसले अन्ततः ठूलो पारिवारिक समस्याको रूप लिन्छ। यस दिशालाई घरको मुख्य मान्छे, नैतिकता, शान्ति, प्रसिद्धी, आनन्दआदिको रूपमा पनि लिइन्छ। यदि घरमा यी चिजहरूको कमी छ भने तपाइको बीर-लक्ष्मीको कृपा नरहेको स्पष्ट हुन्छ।

**७. विद्या-लक्ष्मी :**

विद्या-लक्ष्मी ज्ञानकी लक्ष्मी हुन्। विद्या-लक्ष्मीले सिक्ने, सिकाउने क्षमतालाई मद्दत गर्छिन्, जसले आफ्नो कर्मको मार्गमा पुग्न मद्दत मिल्छ। उनको कृपाले हामी सबै आफ्नो क्षेत्रमा अधिक ज्ञान प्राप्त गर्छौँ र कठिन विषयहरू पनि बुझ्न सक्षम हुन्छौँ। विद्या-लक्ष्मी हाँसमा विराजमान रहन्छिन् भने धन-लक्ष्मी कमलको फूलमा। त्यसैले विद्या-लक्ष्मीलाई धेरै स्थिर मानिन्छ, जब कि धन-लक्ष्मीलाई चञ्चल। जीवनमा ज्ञानलाई भौतिक सम्पदाभन्दा धेरै महत्व दिइन्छ।

**८. विजय लक्ष्मी :**

जीवनमा आउने समस्याबाट लड्ने शक्ति विजय-लक्ष्मीबाट प्राप्त हुन्छ। यिनको कृपाले जय-विजय, यश, कृति तथा सम्मान प्राप्त गराउने काम गर्छिन्। जीवनमा हामीले सङ्घर्ष गर्नुपर्दछ, जसबाट जित्ने प्रेरणा विजय-लक्ष्मीले दिन्छिन्। हाम्रो जीवनमा आउने समस्याहरूसँग लड्ने र जित्ने साहस दिने काम विजय-लक्ष्मीको हो। वास्तुअनुसार विजय-लक्ष्मीको दिशा उत्तर-पश्चिम (वायव्य) कोण हो।

अष्ट-लक्ष्मीहरूले जीवनलाई सहज र स्थिर राख्न एकअर्कासँग मिलेर काम गर्छन्। पूर्वकी धान्य वा ऐश्वर्या लक्ष्मीले गज लक्ष्मीसँग मिलेर व्यक्तिहरूलाई सुख सुविधा र विलासिताका साथ उच्चपदको उपभोग गर्ने क्षमता प्रदान गर्छिन्। दक्षिण-पूर्वकी धन-लक्ष्मीले उत्तर-पश्चिमकी विजया-लक्ष्मीसँग मिलेर आग्नेयमा उत्पन्न हुने नगद आवश्यक परेको बेला सहयोगको रूपमा उपलब्ध छ भनी सुनिश्चित गराउँछन्।

वास्तुअनुसार लक्ष्मी वा सम्पत्ति भनेको स्पष्टता हो, जुन हामीले उत्तर-पूर्वबाट प्राप्त गर्छौँ, दोस्रो लक्ष्मी, स्वास्थ्य तथा कनेक्टिभिटी हो जुन हामीले पूर्वबाट प्राप्त गर्छौँ। तेस्रो लक्ष्मी भनेको पैसा हो जुन हामीले दक्षिण-पूर्व, नगद वा अग्निको वास्तु क्षेत्रबाट प्राप्त गर्छौँ। चौथो लक्ष्मी भनेको प्रसिद्धि हो जुन हामीले दक्षिणबाट पाउँछौँ। त्यसपछि दक्षिण-पश्चिम क्षेत्र आउँछ जसले हामीलाई सीप र विशेषज्ञता दिन्छ। उत्तर-पश्चिमले बल र समर्थन दिन्छ। उत्तरले अवसर दिन्छ। यसरी आठ दिशाबाट यी आठ प्रकारको धन वा लक्ष्मीको आशीर्वाद लिन सकियो भने मात्र जीवन साँच्चै अनमोल बन्न सक्दछ।

अन्त्यमा, हामी सबैले आफ्नो घर या कर्म क्षेत्रमा माता लक्ष्मीको पूजा-अर्चना गर्छौँ। माता लक्ष्मीको पूजा गर्दा लक्ष्मीका आठवटै रुपको विधिवत् पूजा-अर्चना गर्न अनिवार्य छ। समग्र सुखको प्राप्तिका लागि धनलक्ष्मीको मात्र साधना नगरी आठै रुपको विधिवत् अर्चना या आराधना गर्दा उत्तम लाभ मिल्छ। जीवनका समग्र पक्षमा अधिकतम् उपलब्धिका लागि लक्ष्मीका आठैरुपको साधना गरौँ। *(लेखक वास्तु विज्ञानका सञ्चालक एवं दक्षिण एसियाली ज्योतिष महासङ्घका आजीवन सदस्य हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# तिहारमा पटका पट्काउँदा प्रदूषण

काठमाडौँ, १६ कात्तिक (रासस)।

वातावरणविद्हरूले उज्यालोको पर्वका रूपमा रहेको तिहार (दीपावली) मा पटका पट्काउँदा वातावरणमा वायु र ध्वनि प्रदूषण हुने बताएका छन्।

पटका पट्काउँदा विभिन्न रासायनिक पदार्थहरू जस्तै सल्फरडाइअक्साइड, नाइट्रोजन अक्साइड, कार्बन मोनोअक्साइड तथा धुलोका कणहरू वायुमण्डलमा फैलने र प्रदूषण बढाउने भन्दै सतर्कता अपनाउन आग्रह गरेका हुन्।

वातावरणविद् भूषण तुलाधारले पटका जस्ता विषाक्त ग्यासहरूले हावा प्रदूषित बनाउने र यसले श्वासप्रश्वाससम्बन्धी समस्या उत्पन्न गर्ने भन्दै पटका पड्काउन नहुने बताउनुभयो। "दीपावलीमा धेरैजसो बालबालिका पटका पट्काउन संलग्न हुने गर्छन्, पटकाका नजिक उनीहरू बस्छन्। यसले उनीहरूको स्वास्थ्यमा नकारात्मक असर गरिरहेको हुन्छ", उहाँले भन्नुभयो, "पटका पट्काउँदा आउने ठूलो आवाजले जनावरहरूमा तनाव पैदा गर्नाका साथै मानिसहरूको मानसिक स्वास्थ्यमा पनि असर पुऱ्याउन सक्छ।"

जलवायु परिवर्तनविद् मञ्जित ढकालले पटका पटकाउँदा निस्कने आवाजले ध्वनि र धुवाँले वायु प्रदूषण बढ्ने भएकाले बढी सतर्कता अपनाउनाका साथै सरोकार भएका निकायले पटका पट्काउन नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो।

"पछिल्लो समय नेपालमा पटका पट्काउने दर केही कम भएको छ। दीपावलीमा भारतमा बढी पटका पट्काउँदा वायु प्रदूषण हुने भन्दै भारत सरकारले नागरिकलाई सतर्कता अपनाउन आग्रह गर्दै आएको छ", उहाँले भन्नुभयो, "प्रदूषण रोक्नका लागि पटका पट्काउन पनि नियन्त्रण गर्न आवश्यक छ।"

जलवायु परिवर्तनविद् ढकालले पटकामा हानिकारक रसायनहरू हुने भएकाले माटो र पानी प्रदूषित बनाउने, वातावरणको सन्तुलन बिगार्ने भन्दै पर्यावरणमैत्री दियो बालेर शान्त रूपमा पर्व मनाउन सकिने बताउनुभयो।

पटकाबाट निस्कने विषाक्त धुवाँ र ग्यासले एलर्जी, आँखा पोल्ने, छाला चिलाउने, दम, कलेजो, फोक्सो, मुटु तथा श्वासप्रश्वाससम्बन्धी समस्या हुनसक्ने भन्दै सतर्कता अपनाउन जनस्वास्थ्यविद्हरूले आग्रह गरेका छन्।

पटका पट्काउँदा निस्कने ठूलो आवाजले मानसिक तनाव, निद्रा नलाग्ने, उच्च रक्तचापको जोखिम बढाउने, कानमा स्थायी क्षति पुऱ्याउन सक्ने भएका सावधानी अपनाउन जनस्वास्थ्यविद्हरूले आग्रह गरेका हुन्।

'एयर क्वालिटी इन्डेक्स' ले भारतको दिल्लीमा दीपावलीको कारण प्रदूषण बढेको जनाएको छ। बिहीबार दिउँसोसम्मको तथ्याङ्क अनुसार समग्र वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) एक सय ८४ रहेको छ। अहिले दिल्ली विश्वको तेस्रो प्रदूषित सहरका रूपमा सूचीकृत छ।

भन्सार विभागका प्रवक्ता मुक्तिप्रसाद श्रेष्ठले नेपाल-भारत खुला सिमाना रहेकाले भन्सार छलेर गैरकानुनी रूपमा पटका नेपालमा ल्याउने गरिएको बताउनुभयो। चाडपर्वमा भारततर्फबाट सामान किनमेल गर्ने बढी हुने भएकाले पनि

*बाँकी तीन पृष्ठमा*

# अर्थतन्त्रमा उज्यालोको किरण

**उद्धव सिलवाल**

काठमाडौं, १६ कात्तिक (रासस)।

नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको भदौ मसान्तसम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिले अर्थतन्त्रका बाह्य सूचकाङ्कहरूमा तिहारको झिलीमिली जस्तै उज्यालो रहेको देखाएको छ। अहिले बजारमा तिहारको उज्यालोले प्रवेश पाए जस्तै अर्थतन्त्रका बाह्य सूचकाङ्कहरूमा पनि उज्यालोपन देखिएको हो। आयातमा भएको कमी र बढ्दो विप्रेषणको कारण रु २१ खर्ब ५२ अर्ब बराबरको विदेशी मुद्रा सञ्चितिमा रहेको छ। विदेशी मुद्रा सञ्चितिको आकार चालु आवको बजेटभन्दा बढी रहेको छ। जबकि चालु आवको बजेटको आकार रु १८ खर्ब ६० अर्ब ३० करोड छ। यसले अर्थतन्त्रको बाह्य सूचक एकदमै मजबुत रहेको देखाउँछ।

विदेशी दातृ निकायहरूले विदेशी विनिमय सञ्चिति बढेको कारण लगानी बढाउन सक्ने देखिएको छ। सञ्चितिमा रहेको विदेशी मुद्रा वैदेशिक भ्रमण र अध्ययनका लागि जाने विद्यार्थीले लैजानेबाहेक उपादनमूलक क्षेत्रमा प्रवाह गर्न सकेमा अझै सुधार आउने थियो। अहिले चालु खाता रु ४९ अर्ब ६९ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु २३ अर्ब ९७ करोडले मात्रै बचतमा रहेको थियो। अहिलेको सञ्चितिले १६.८ महिनाको वस्तु र १३.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने राष्ट्र बैङ्कले जनाएको छ। भदौसम्ममा विप्रेषण १५.२ प्रतिशतले वृद्धि भई रु दुई खर्ब ६३ अर्ब १४ करोड पुगेको छ। अघिल्लो वर्ष भदौ मसान्तसम्म शोधानान्तर स्थिति रु ५५ अर्ब १० करोड बचत रहेकामा चालु आवमा रु एक खर्ब एक अर्ब ७७ करोडले बचतमा रहेको छ। यी कुराहरूले अर्थतन्त्रको बाह्य सूचकाङ्क राम्रो रहेको देखाउँछ।

तर, आन्तरिक अर्थतन्त्र पनि बाह्य अर्थतन्त्र जस्तै बनाउनु पर्ने खाँचो देखिएको छ। रोजगारीमा आएको सङ्कुचन, केन्द्रीय बैंकले सार्वजनिक गरेभन्दा बढी रहेको मूल्य, खस्कदो आयजस्ता कारणले गर्दा आन्तरिक अर्थतन्त्र केही कमजोर रहेको देखिन्छ। उत्पादन पर्याप्त बढाउन नसक्दा निर्यात व्यापारमा त्यही अनुपातमा सुधार आउन सकिरहेको छैन। चालु खाता बचत, बढ्दो विप्रेषण, बैंकिङ क्षेत्रमा थुप्रिएको तरलताले 'लिक्युडिटी ट्रयाप' को अवस्था सिर्जना गरेको छ। प्रचुर मात्रामा तरलता भए पनि लगानीको वातावरण सोचेजस्तो हुन सकेको छैन।

चालु आवको दुई महिनामा पनि पुँजीगत खर्चभन्दा साधारण खर्चकै बाहुल्यता रहेको छ। बैंक तथा वित्तीय संस्थामा निक्षेप बढे पनि निजी क्षेत्रमा कर्जा प्रवाह बढ्न सकेको छैन। निजी क्षेत्र अझै पनि लगानीको लागि पर्ख र हेरको अवस्थामा रहेको छ। सोही कारण निजी क्षेत्रले कर्जा नलगेपछि बैंक तथा वित्तीय संस्थाले सेयर कर्जालाई बढाएका हुन्। भदौसम्मको तथ्याङ्कअनुसार सेयर धितो कर्जा अर्थात् मार्जिन प्रकृतिको कर्जा ९९ अर्ब ७६ करोड पुगेको छ।

शेयर जस्तै गत वर्षको त्रयमासिक अवधिको तुलनमा चालु आवको सोही अवधिमा घरजग्गा कारोबार १७ प्रतिशतले बढेको तथ्याङ्कले देखाएको छ। हाल देशभर बैंकिङ क्षेत्रको रु तीन खर्ब घरजग्गामा ऋण लगानी रहेको छ। यो भन्दा बढी व्यवसायीको लगानी छ। यी दुवै गरेर घरजग्गामा रु आठ खर्ब लगानी पुगिसक्दा पनि कारोबारमा सुधार आउन सकिरहेको छैन। यी कुराहरूलाई मध्यनजर गरी अर्थतन्त्रलाई अझ चलायमान बनाउन र देशलाई विकासको दीर्घकालीन बाटोमा लैजान आर्थिक विशेषज्ञता, नवीन सोच एवं साहसमा जोड दिनु पर्ने देखिएको छ।

सन् २०२० मा विश्व अर्थतन्त्रमा आएको आर्थिक शिथिलता, रोजगारीका अवसरमा ह्रास, गरिबी तथा असमानता, पेट्रोलियम पदार्थको उत्पादनमा देखिएको असन्तुलनजस्ता कारणबाट मानिसको दैनिक जीवनमा समेत समस्या देखिएको थियो। अहिले पनि फेरि त्यस्तै अवस्थाको सुरुआत हुन थालेको आभास हुन थालेको छ। बाह्य सूचकाङ्कले जस्तै आन्तरिक सूचकाङ्कले साथ दिएमा यस्ता कुराहरू हट्ने थियो।

हामीकहाँ आर्थिक दृष्टिले पुँजीवादी खुला बजार अर्थतन्त्रको अभ्यास भइरहेको छ। योसँगै समाजवादी अर्थतन्त्र भएको छिमेकी मुलुक रहेको कारण नेपालको आर्थिक प्रणालीमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। यसले पनि आयात दर उच्च बनाउन केही भूमिका खेलेको छ। कृषिमा आधारित अर्थतन्त्र भए पनि उत्पादकत्वमा सुधार आउन सकेको छैन। प्राकृतिक साधन तथा स्रोतको पहिचान र उपयोग हुन नसक्दा उत्पादकत्वमा उल्लेखनीय सुधार आउन नसकेको हो। हामीकहाँ अझै पनि ७० प्रतिशत जनसङ्ख्या कृषिमा आधारित रहेको अनुमान छ।

विश्वव्यापी रूपमा हेर्ने हो सन् १९९१ मा कृषि क्षेत्रमा कार्यरत सङ्ख्या ४४ प्रतिशत रहेको थियो। अहिले यो झरेर २८ प्रतिशतमा खुम्चिएको छ। यसले कृषितर्फ आकर्षण घट्दै गइरहेको देखाउँछ। हामी कहाँ पुरानो उखान उत्तम खेती, मध्यम व्यापार र निकृष्ट नोकरी भन्ने रहेको थियो। तर, यो उखान अहिले त्यति उपयुक्त नहुन सक्छ। किनकी खेतीपाती र व्यापारभन्दा पनि नोकरीतर्फ आकर्षण बढेको कारण स्वदेशमा नोकरी नपाउनेहरू विदेशमा गएर काम गर्न थालेका छन्। तर पनि जुन देशमा कृषि रोजगारी कम छ, त्यस देशको विकास बढी भएको देखिएको छ। तर, हामी कहाँ ७० प्रतिशत कृषि रोजगारीमा रहे पनि खाद्यान्नमा अझै पनि परनिर्भरताकै अवस्था रहेको छ। परनिर्भरता हटाउनको लागि माथि भनिएजस्तै कृषिमा परम्परागत प्रवृतिलाई विस्थापित गरी कृषि यान्त्रिकीकरण गर्नुपर्ने खाँचो देखिएको छ।

नेपालको संविधान २०७२ ले मुलुकको अर्थतन्त्रलाई समाजवाद उन्मुख अर्थतन्त्रको रूपमा विकास गर्ने आर्थिक उद्देश्य राखेको छ। समाजवादले देशमा रहेको सम्पूर्ण उत्पादनका स्रोत, साधनहरू व्यक्ति विशेषको नियन्त्रणमा नभएर समाजको नियन्त्रणमा हुनुलाई जनाउँछ। उत्पादनको स्रोत, साधनहरू व्यक्ति विशेषको नियन्त्रणमा नरहेर समाजको नियन्त्रणमा रहँदा उत्पादनबाट आउने नाफामा श्रमिकहरूको समान पहुँच हुन गई समाजमा धनी र गरिबबीचको खाडल मेटिन्छ भन्ने मान्यता समाजवादमा रहेको छ।

श्रीमद्भागवद् गीताको १६ अध्यायको श्लोक १६ मा आसुरी व्यक्तिले धन आर्जनमा पापपूर्ण बाटो अपनाउने र अवैध तरिकाले इन्द्रिय तृप्तिको लागि कालोबजारी गर्ने उल्लेख छ। हामीकहाँ पनि बजार मूल्य बढाउनुमा अतृप्त धन आर्जन नै मुख्य तत्वको रूपमा रहेको छ। खाद्यान्नमा परनिर्भरताको कारण देशभित्र उत्पादन कम हुन थालेको छ। श्रीलङ्का, अफगानिस्तान, लेबनान, इथियोपिया, सोमालिया, केन्या, इजिप्ट, दक्षिण सुडान, यमनलगायतका देशमा खाद्यान्नमा दबाबको अवस्था कायमै रहेको छ। बढी खाद्यान्न निर्यात गर्ने देशहरूले 'खाद्य राष्ट्रवाद' (फुड नेसनालिजम) लाई प्राथमिकतामा राख्न थालेका छन्।

आम्दानीको तुलनामा खर्च मात्रै बढ्न थालेपछि उपभोक्ताको जीवनयापन असहज हुन थालेको छ। वस्तु र सेवाको मूल्य महँगो (इन्फ्लेसन) हुन थालेको अहिलेको अवस्थामा वस्तु तथा सेवाको परिमाण घटाएर बेच्ने पद्धतिको अभ्यास शुरु भएकोसम्म देखिन आएको छ। यसले बजारमा मागभन्दा आपूर्ति कम हुन गई मूल्य बढाउन सहयोग पुऱ्याइरहेको छ।

राजनीतक विश्लेषक हरि रोकाले वैकल्पिक अर्थतन्त्र नामक पुस्तकमा जीवनयापनका लागि पुँजी निर्माण हुन नसक्दा ग्रामीण वा सहरी क्षेत्रका आम नागरिकको जीवस्तर नराम्ररी प्रभावित भएको उल्लेख गर्नु भएको छ। पुँजी निर्माणमा सक्रियतापूर्वक जनसङ्ख्यामाथि हुने वातावरण नबन्दा राष्ट्रिय पुँजी निर्माणमा समेत आघात पुगेको उहाँको पुस्तकमा लेखिएको छ। यसले अर्थतन्त्रको बाह्य सूचक मात्रै मजबुत हुँदैमा आम नागरिकको जीवनस्तरमा आमूल परिवर्तन आउन सक्दैन भन्ने देखाउँछ। बजेटले अर्थतन्त्रमा सिर्जना भएको गतिशीतला, पुनरुत्थान, निजी क्षेत्रको उत्साहप्रद लगानीबाट छ प्रतिशतको आर्थिक वृद्धिदर र ५.५ प्रतिशतको मुद्रास्फीर्तिलाई वाञ्छित सीमाभित्र राख्ने घोषणा गरेको छ। यसलाई व्यवहारमा ल्याउन आन्तरिक उत्पादनमा वृद्धि, रोजगारी सिर्जना, उद्योग कलकारखाना पूर्णरूपमा चल्ने वातावरण सिर्जना गर्न सकेमा तिहारको चमक जस्तै अर्थतन्त्रमा उज्यालोपन आउने थियो। *(लेखक आर्थिक पत्रकार हुनुहुन्छ)*

## विश्व समाचार

### कमला कि ह्यारिस ? राजनीति, लिंग र जातिको सन्दर्भमा सन्तुलन कसरी कायम गर्ने ?

वासिङ्टन, १५ कात्तिक (रासस/एएफपी)।

नाममा के छ र ? कमला ह्यारिसका लागि यो आफ्नो अधिकार स्थापित गर्ने, अप्रत्यक्ष रूपमा आफ्नो पहिचानको उत्सव मनाउने र उहाँका ह्वाइट हाउस प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पका आक्रमणहरूलाई कुण्ठित पार्ने माध्यम हो।

पूर्व रिपब्लिकन राष्ट्रपतिले आफ्ना र्‍यालीहरूमा ह्यारिसलाई उहाँको पहिलो नामले सम्बोधन गर्न जारी राख्नुभएको छ। यो पूर्व डेमोक्रेटिक राष्ट्रपति उम्मेदवार जो बाइडेनलाई 'बाइडेन' वा कहिलेकाहीं 'स्लिपी जो' भनेर सम्बोधन गर्ने तरिकाभन्दा फरक छ।

अठहत्तर वर्षीय अर्बपति ट्रम्पले जुलाईको अन्त्यमा एउटा र्‍यालीमा 'उनको नाम भन्ने धेरै तरिका छन्' भन्दै 'कमला' को उच्चारण बिगार्ने बिन्दु पनि बनाउनुभएको छ। "मैले भनें, चिन्ता नगर्नुहोस्। मैले के भन्छु त्यसको कुनै महत्व छैन। मैले गलत उच्चारण गरें भने मलाई केही फरक पर्दैन", उहाँले भन्नुभयो।

सतही रूपमा यो अपमानजनक उपनामहरूका लागि प्रसिद्ध एक राजनीतिज्ञको अर्को आक्रमण मात्र हो। तर एक महिला र रङ्गीन व्यक्तिको सन्दर्भमा ह्यारिसलाई उहाँको पहिलो नामले सम्बोधन गर्ने र त्यसलाई बिगार्ने ट्रम्पको जिद्दीले अझ विषाक्त स्वर लिन्छ।

कोलोराडो स्टेट विश्वविद्यालयका सञ्चार प्राध्यापक कारिन भास्वी एन्डरसन भन्नुहुन्छ, "महिला नेतृत्वकर्ताहरूलाई उनीहरूको पहिलो नामले सम्बोधन गर्नु प्रायः उनीहरूको अधिकारलाई कमजोर पार्न गरिन्छ।"

उच्चारणको सवालमा ट्रम्पले ह्यारिसलाई 'अन्य' बनाउने प्रयास गरिरहनुभएको छ र आफ्ना समर्थकहरूलाई उहाँका बुबा जमैकाबाट र आमा भारतबाट आप्रवासी भएको याद दिलाउँदै हुनुहुन्छ भन्ने केहीको विश्वास छ।

आप्रवासीहरूविरुद्ध विशेषगरी बढ्दो लैङ्गिक विभाजन भएको चुनावमा जातिवादी र हिंसात्मक वाक्यांश प्रयोग गर्ने एक राष्ट्रपति उम्मेदवारद्वारा सिर्जना गरिँदा यो छाप अझ तीखो हुन्छ।

एन्डरसन भन्नुहुन्छ, "ट्रम्पले प्रायः हास्यास्पद प्रभावका लागि उहाँको नाम गलत उच्चारण गर्नु उल्लेखनीय छ। यसले दक्षिण एसियाली वंशको एक कालो महिला राष्ट्रपतिका लागि दौडिनु हाँसोको पात्र हो भन्ने कुरालाई अप्रत्यक्ष रूपमा सङ्केत गर्दछ", एन्डरसनले भन्नुभयो, "तर उहाँले केवल गलत उच्चारण गर्न मात्र नभई उहाँले आफ्नै नाम कसरी उच्चारण गर्ने भन्ने थाहा नभएको दाबी गर्नु पनि रोचक छ। यो चरम पुरुषवादी व्याख्या हो।"

**ला-ला-ला-ला**

तथापि आफ्नो पहिलो नामको उत्सव मनाउने र यसको उच्चारण कसरी गर्ने भन्ने कुरामा जोड दिंदै ह्यारिसले ट्रम्पका आक्रमणहरूलाई उल्टाउनुभएको छ।

जब बाइडेनले जुलाईमा दौडबाट हटेर ह्यारिसलाई समर्थन गर्नुभयो, अभियान टोलीको एक्स (ट्विटर) को खाता 'बाइडेन एचक्यू' बाट तुरुन्तै 'कमला एचक्यू' मा परिवर्तन भयो।

र्‍यालीहरूमा 'कमला' का बोर्डहरूले उहाँका उपराष्ट्रपति उम्मेदवार टिम वाल्जलाई जनाउने 'ह्यारिस वाल्ज' पोस्टरहरूसँगै हल्लाइन्छन्।

ह्यारिसले पृष्ठभूमिमा प्रकाशित ह्वाइट हाउससहित एक महत्वपूर्ण सम्बोधन गर्नुहुँदा वासिङ्टनमा मङ्गलबार साँझ दशौं हजार मानिसले त्यो नाम जप्दै थिए। यसले क्षणको गम्भीरता र लगभग स्नेहपूर्ण स्वरबीचको भिन्नता सिर्जना गऱ्यो।

उच्चारणको सवालमा ६० वर्षीया उपराष्ट्रपतिका दुई भतिजीले अगस्टमा डेमोक्रेटिक राष्ट्रिय सम्मेलनमा एमी-विजेता अभिनेत्री केरी वासिङ्टनको सहयोगमा यो कसरी गर्ने भनेर बताउन मञ्च लिएका थिए।

एक पक्षले 'कमा' - 'वाक्यमा कमा जस्तै' जप्दै र अर्कोले 'ला' - 'ला-ला-ला-ला-ला जस्तै' जवाफ दिंदै तीन जनाले भीडलाई विभाजित गरे।

केही ह्यारिस अभियानका बोर्डहरूमा उच्चारणप्रति एक चतुर सन्दर्भ 'एलए' समेत लेखिएको छ। ह्यारिसको पहिलो नामको अर्को संस्करण उहाँका सौतेनी छोराछोरी एला र कोल एम्होफले दिएको उपनाम 'मोमाला' पनि छ।

**म्याडम राष्ट्रपति**

बाइडेनको दौडबाट हट्ने नाटकीय निर्णयपछि ह्यारिस ढिलो र कम प्रसिद्धिका साथ प्रवेश गर्नुभयो। आफ्नो पहिलो नामले आफूलाई चिनाउनु यो अन्तर पुर्ने विभिन्न रणनीतिमध्ये एक हो।

यो एक चाल हो। यसलाई अमेरिकी राजनीतिज्ञहरूले आफ्नो सार्वजनिक व्यक्तित्व निर्माण गर्न प्रायः प्रयोग गरेका छन्।

प्रगतिशील अमेरिकी सिनेटर बर्नी स्यान्डर्सलाई प्रायः उहाँको पहिलो नामले चिनिन्छ। यातायातमन्त्री पिट बुटिजिजलाई इन्डियानाको साउथ बेन्डमा उहाँको पूर्व पदको सन्दर्भमा व्यापक रूपमा 'मेयर पिट' का रूपमा चिनिन्छ।

कमलाको रूपमा परिचित हुनुले ह्यारिसलाई आफ्नो असामान्य पृष्ठभूमि र उहाँको राष्ट्रपतित्वको सम्भावित ऐतिहासिक प्रकृतिको सङ्केतहरू छर्न पनि अनुमति दिन्छ।

"उहाँलाई आफू एक महिला वा एक कालो र दक्षिण एसियाली महिला हुनुको स्पष्ट सम्झना गराउन आवश्यक छैन", रटगर्स विश्वविद्यालयकी राजनीति विज्ञान प्राध्यापक केली डिट्मार भन्छिन्, "उहाँले राजनीतिक अभियानमा पहिचानको एक किसिमको दृष्टिकोण प्रतिनिधित्व गर्नुहुन्छ जुन... स्पष्ट हुन आवश्यक छैन।"

पुरुषवादी व्याख्याको सवालमा पहिलो पटक फर्स्ट जेन्टलम्यान बन्ने आशा राख्नुहुने ह्यारिसका पति डग एम्होफसँग सटीक जवाफ थियो।

"श्री ट्रम्प, मलाई थाहा छ तपाईंलाई उनको नाम उच्चारण गर्न धेरै समस्या छ", अगस्टमा एक अभियान कार्यक्रममा एम्होफले भन्नुभयो, "यहाँ राम्रो खबर छ। चुनावपछि तपाईंले उनलाई केवल म्याडम राष्ट्रपति भन्न सक्नुहुन्छ।"

### *तिहारमा पटका ...*

सिमाना गैरकानुनी रूपमा पटका नेपालमा भित्रिने गरेको उहाँको भनाइ छ।

मुलुकी अपराधसंहिता, २०७४ को परिच्छेद ७ को विष्फोटक पदार्थसम्बन्धी कसुरको दफा १३८ मा विस्फोटक पदार्थ उत्पादन गर्न नहुने व्यवस्था गरेको छ। उक्त व्यवस्थामा भनिएको छ, "कसैले इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र प्राप्त गरेको भए पनि इजाजतपत्रमा उल्लेख भएका सर्त र बन्देज विपरीत हुनेगरी कुनै पनि किसिमका विस्फोटक पदार्थ बनाउन, तयार गर्न वा उत्पादन गर्न हुँदैन।"

विस्फोटक पदार्थसम्बन्धी कसुरको दफा १३८ को उपदफा २ को (क) मा कडा विस्फोटक पदार्थ भए १० वर्षसम्म कैद र रु एक लाखसम्म जरिवानाको व्यवस्था गरिएको छ। सोही उपदफाको (ख) मा नरम विस्फोटक पदार्थ भए पाँच वर्षसम्म कैद र रु ५० हजारसम्म र (ग) मा सामान्य विस्फोटक पदार्थ भए तीन वर्षसम्म कैद र रु ३० हजारसम्म जरिवानाको व्यवस्था गरिएको छ।


# डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**सुरुङ्गा नगरपालिका, सप्तरी**

## चौथो अध्यक्षकप क्रिकेट सुरु

# भदगाउँ क्रिकेट क्लब सुनसरीको बिजयी सुरुवात



**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

सप्तरीको रुपनी गाउँपालिकामा चौथो अध्यक्षकप टि-ट्वान्टी क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

वडा नं. १ स्थित खाडो खोला खेल मैदानमा शुक्रबारदेखी सुरु भएको प्रतियोगिताको प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादवले ब्याटिङ तथा विष्शिठ अतिथि दिनेश प्रसाद यादवले बलिङ गर्दै उद्घाटन गरेका छन् ।

प्रतियोताको उद्घाटन खेलमा भदगाउँ क्रिकेट क्लब झुम्का (सुनसरी) ले गाईघाट वारियर्स क्रिकेट क्लब ( उदयपुर) लाई चार विकेटले पराजित गर्दै बिजयी सुरुवात गरेको छ ।

सो अवसरमा प्रमुख अतिथि प्रतिनिधीसभा सदस्य यादवले खेलकुदको विकासका लागि गाउँ गाउँमा खेल पूर्वाधार निर्माण आवश्यक रहेको भन्दै यसका लागि आफूले समेत पहल र सहयोग गर्ने प्रतिबद्धता जनाए ।

राइजिङ यूथ नेपाल सप्तरीको आयोजना तथा रुपनी गाउँपालिकाको सहयोगमा संचालित प्रतियोगितामा सुनसरी, उदयपुर, सिरहा र आयोजक सप्तरीका गरि कुल १६ वटा टिमको सहभागिता रहेको आयोजक समितिका अध्यक्ष राजकुमार चौधरीले जानकारी दिए ।

उद्घाटन समारोहमा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, उपप्रमुख शम्भु प्रसाद यादव, काँग्रेस राजविराज नगर समितिका उपसभापति अनिल यादव लगायतको उपस्थिति रहेको थियो ।

## दुई डिआइजीको एआइजीमा बढुवाका लागि सिफारिस

काठमाडौँ, १६ कात्तिक (रासस) ।

नेपाल प्रहरीका दुई प्रहरी नायव महानिरीक्षक(डिआइजी)लाई प्रहरी अतिरिक्त महानिरीक्षक( एआइजी)मा बढुवाका लागि सिफारिस गरिएको छ ।

गृह मन्त्रालय बढुवा समितिको सचिवालयको बुधबार राति बसेको बैठकले नेपाल प्रहरीमा जनपद प्रहरी समूहतर्फका दुई डिआइजीलाई एआइजीमा बढुवाका लागि सिफारिस गरेको हो ।

बढुवा सिफारिस हुनेमा बुद्धिराज गुरुङ र केदार ढकाल हुनुहुन्छ । बढुवा सिफारिस भएका गुरुङ हाल अख्तियार दूरुपयोग अनुसन्धान आयोग टङ्गाल र ढकाल प्रहरी प्रधान कार्यालय नक्सालको प्रशासन विभागमा कार्यरत हुनुहुन्छ ।

बढुवा समितिले प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम २७ को उपनियम (४) बमोजिम बढुवाका लागि सिफारिस गरेको समितिका सदस्यसचिव एवम् प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले जानकारी दिनुभयो ।

### *जन्मना साथ...*

विश्वमा छ प्रतिशत बालबालिकामा जन्मिना साथ अपाङ्गताको समस्या देखिने गरेको छ । तर, समयमै परीक्षण तथा उपचार भएमा धेरै हदसम्म समस्या हटाउन सकिने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताउनुभयो ।

**मंगलमय शुभकामना**

२०८१ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

**मंगलमय शुभकामना**

२०८१ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






**विश्वनाथ मण्डल**
**अध्यक्ष, तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**

**मंगलमय शुभकामना**

२०८१ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






**सचिन्द्र दास**
**अध्यक्ष, तथा**
**जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**राजविराज ४, सप्तरी, परिवार**

**मंगलमय शुभकामना**

२०८१ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*